प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, पाँचथर

कोशी प्रदेश, नेपाल

प.स-२०८२/०८३
च.नं- ४

मिती: २०८२/०४/०५
११४५ दिल्लागा ११ सोमबार

**विषयः मौजुदा सूचीमा दर्ता हुने सम्बन्धमा सूचना ।**

यस कार्यालको लागी आ.व. २०८२/८३ मा निम्नानुसार कार्य गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम मौजुदा सूची तयार गर्नुपर्ने भएकोले मौजुदा सूचीमा दर्ता वा अद्यावधिक हुन चाहने व्यक्ति, फर्म, संस्था, कम्पनी, आपूर्तीकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर-सरकारी संस्था वा सेवा प्रदायकहरुले संस्था वा फर्म दर्ताको प्रमाण-पत्र, स्थायी लेखां नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाण-पत्र, आवश्यकता अनुसारको व्यवसायिक इजाजत-पत्र, नविकरण, व्यक्तिको हकमा नागरिकताको प्रमाण-पत्र र गत आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि सहित आफूले गर्न चाहेको कारोबारहरुको छुट्टा-छुट्टै व्यहोरा उल्लेख गरी सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची-२(क) बमोजिमको ढाँचामा यस कार्यालयमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । रीत नपुगी प्राप्त हुन आएका निवेदनहरुलाई मान्यता दिइने छैन ।

**खरिद सम्बन्धी काम कारवाहीका लागी आवश्यक सामान तथा सेवाहरुको विवरण**

- कृषि सम्बन्धी औजार तथा सामग्रीहरुको आपूर्ती तथा मर्मत सम्भार सम्बन्धी कार्य,
- छपाई, मसलन्द तथा कार्यालय सामानहरुको आपूर्ती सम्बन्धी कार्य,
- दुई पाङ्ग्रे र चार पाङ्ग्रे सवारी साधनहरुको मर्मत सम्भार तथा आपूर्ती सम्बन्धी कार्य,
- कम्प्युटर, ल्यापटप, स्क्यानर, प्रिन्टर, फोटोकपी मेशिन लगायतका उपकरणहरु मर्मत तथा आपूर्ती सम्बन्धी कार्य,
- इन्भर्टर, ब्याट्री, फ्रिज लगायतका इलेक्ट्रोनिक्स उपकरणहरुको आपूर्ती तथा मर्मत सम्भार सम्बन्धी कार्य,
- मल, बीउ, कृषिमा प्रयोग हुने विषादिहरु, हार्मोन, खाद्यतत्व लगायका अन्य आवश्यक कृषि सामग्रीहरुको आपूर्ती सम्बन्धी कार्य,
- फर्निचर सम्बन्धी सामान आपूर्ती तथा मर्मत सम्बन्धी कार्य,
- भवन मर्मत तथा रङरोगन सम्बन्धी कार्य,
- कार्यालयलाई आवश्यक पर्ने अन्य सामान तथा कार्यहरु।

महेश कुमार चौधरी
निमित्त प्रमुख